**जयपृथ्वी नगरपालिकाको आ.व. २०७६/०७७ को नीति तथा कार्यक्रम**

**सभाका सभाअध्यक्ष ज्यू**
**नगर सभाका सदस्य ज्यू**
**अन्य उपस्थित अतिथी ज्यू**

सर्वप्रथम लोकतान्त्रिक जनआन्दोलनका सहादत प्राप्त गर्ने शहिद प्रति भावपूर्ण श्रदान्जली अर्पण गर्न चाहन्छु । संघिय लोकतन्त्रको स्थापना साथै संघीयता को व्यवहारिक कार्यान्यन पश्चात जनप्रतिनिधिमुलक र ऐतिहासिक नगर सभाको आव्हानको साथै यस नगरपालिकाको आ.व. २०७६।०७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वीत भएको महसुस गरेको छु । यसै अवसरमा नगपालिका गठन प्रक्रिया देखि आज सम्म यो अवसर प्रदान गर्नुहुने सम्पूर्ण नगरवासीमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

**सभाका सभाअध्यक्ष ज्यू**
**नगर सभाका सदस्य ज्यू**
**अतिथी**

नेपालको संविधानमा संघीय प्रदेश र स्थानीय गरि ३ तहको सरकारको व्यवस्था गरिएको छ । यसै गरि स्थानीय तहमा पनि सरकारका ३ वटा अगंको संवैधानिक व्यवस्था गरेको छ । जुनसदैव जनताको सेवामा समर्पित रहने विश्वास दिलाउँन चाहान्छु ।

**सभाका सभाअध्यक्ष ज्यू**
**नगर सभाका सदस्य ज्यू**
**अतिथी**

यस नगरपालिकाको २०७१ सालमा स्थापना भई ऐतिहासिर्क मानवताबादी व्यक्तित्व तथा दक्षिण एसियाका दोस्रो गौतमबुद्ध श्री जयपृथ्वी बहादुर सिंहको नामबाट नामाकरण भएको र नेपालको पूर्नःसंरचना तथा संघीय संरचनामा समेत सोही स्थितिमा रहेको व्यहोरा यहाँ समक्ष सर्वविदितै छ ।

बिगत १५ बर्ष लामो समय सम्म स्थानीय निकाय जनप्रतिनीधि बिहिन अवस्थामा रहेकोमा जन उपेक्षा तथा भावना अनुरुप स्थानीय निकायवाट प्रवाह हुने सेवा सुविधा तथा विकास निर्माणका क्रियाकलापको प्रभावकारिता र गुणस्तरीयता सम्बोधन हुन नसकेको सन्दर्भमा अहिलेको स्थानीय तहको निर्वाचन सम्पन्न भई बिगत २ बर्ष देखि जन आकाँक्षा पुरा गर्न विकास निर्माणमा तिब्रता दिन र सेवा प्रवाहमा शिघ्रता गुणस्तरीयता अभिबृद्धी गर्नमा नगरपालिका हदै सम्म प्रयासरत रहेको विश्वस दिलाउन चाहन्छु ।

**उपस्थित महानुभावहरु**

अव म आ.व. २०७६/०७७ को यस नगरपालिकाको नीति तथा कार्यक्रम यस गौरवमय सभामा पेश गर्न अनुमति चाहन्छु। जसका निम्न लिखित आधार बनाएको छु।

- नेपालको संविधान २०७२ मा ब्यवस्था भएका नीति,मार्गदर्शक सिद्धान्त,मैलिकहक,अनुसूचि ८ र ९ मा उल्लेखनिय स्थानीय तहका अधिकार र साझा अधिकारका सूचीका विषय
- स्थानीय सरकार संचालन ऐन, २०७४
- अन्तरसरकारी बित्तिय हस्तान्तारण ऐन, २०७४
- पन्ध्रौं आवधिक योजनाको आधारपत्र
- दिगो विकासका लक्ष्यहरु
- स्थानीय तहको बार्षिक योजना तथा बजेटल तुर्जुमा दिग्दर्शन, २०७४
- नेपाल सरकारको आ.व. २०७६/०७७ को नीति तथा कार्यक्रम
- नेपाल सरकारको आ.व. २०७६/०७७ को बजेट बक्तब्य
- यस नगरपालिकावाट विभिन्न समयमा पारित नीतिहरु

अव यस नगरपालिकाले आगामी बर्षमा अवलम्वन गरिने क्षेत्रगत नीति तथा कार्यक्रम संक्षेपमा प्रस्तुत गर्न चाहन्छु।

**१) आर्थिक क्षेत्र**

**क) कृषि तथा पशुपालन**

- उत्पादन र उत्पादनकत्व अभिवृद्धिमा उन्नत बीउ विजन कृषि सामग्री र आधुनिक औजारको प्रयोगमा जोड दिइनेछ।
- उन्नत विउ उत्पादन,कृषि पर्यटनमा जोड दिइनेछ।
- नगदेवाली र फलफुल तथा पुष्प व्यवसायलाई अभिवृद्धि गरिनेछ। Organic खेतीमा जोड दिइनेछ।
- कृषि वजारको स्थापना गरि खाद्यय निर्यातको प्रभावकारीतामा जोड दिइने छ।
- उन्नत पशुको आयातमा जोड दिई स्थानीय पशु प्रजातिको संरक्षण गरि दुग्ध र मासुजन्य उत्पादनमा जोड दिइनेछ।
- पशु बिमा कार्यक्रम संचालन गरिने छ।
- किसानको क्षमता अभिवृद्धिको लागि अवश्यक पहल गरिने छ।
- कृषि विकासमा संलग्न निकाय संस्थासंग समन्वय र सहकार्य गरि कृषि विकासमा एकद्वार प्रणाली अपनाईनेछ।

- कृषकलाई वाली तथा पशु विमा तर्फ उन्मुख हुने नीति अवलम्वन गरिनेछ।
- नगर प्रमुख धान जोनको लागि पहल गरिने छ।
- नगर प्रमुख कृषि आधुनिकिकरण परियोजना संचालनमा ल्याईने छ।
- कृषि उपज संकलन र विक्री केन्द्र स्थापना गरिनेछ । यस नगरपालिकालाई agriculture production hub को रुपमा विकास गरिनेछ।
- स्थानीय स्तरमा कृषि उद्योग स्थापनामा जोड दिइने छ।
- शितभण्डारको व्यवस्थामा जोड दिइनेछ।
- कृषिवाली संरक्षणका लागि वन्य जन्तुवाट हुने नोक्सानीको नियन्त्रणमा जोड दिइनेछ।

**ख) उद्योग तथा बाणिज्य**

- यस न.पा.मा औधोगीक क्षेत्र स्थापना, सम्भाव्य उद्योग संचालनका लागि आवश्यक थप अध्ययन अनुसन्धान गरिनेछ।
- स्थानीय पाउरोटी, हाते कडाई वुनाई,मैनवत्ती निर्माण, उत्पादनमुलक साना तथा घरेलु उद्योगलाई प्रोत्साहन गरिनेछ।
- नगर क्षेत्रमा संचालित व्यवसायिक फर्म, दर्ता नवीकरण कार्य लाई व्यवस्थित गरिने छ।
- स्थानीय उद्यमीलाई उद्योग संचालन गर्न आवश्यक वातावरण तयार गरिने छ।
- सार्वजनीक,नीजि साझेदारी तथा सहकारी सँगको सहकार्यमा जोड दिइनेछ।
- उद्योग विकासका निम्ती Outward / Back–ward linkage मा जोड दिइनेछ।
- कृषि तथा वनजन्य उद्योग स्थापनामा प्रोत्साहन गरिनेछ।
- जलवायु तथा समुदाय अनुकुलन उद्योग स्थापनामा जोड दिइनेछ।

**ग) पर्यटन/संस्कृती**

- स्थानीय धार्मिक स्थलको संरक्षण र संर्वद्धन गरिनेछ।
- परम्परागत लोकभाका, संस्कृतीको जगेर्ना गर्न आवश्यक पहल गरिनेछ।
- ऐतिहासिक धार्मिक स्थल, मठमन्दिर, कला संस्कृतीको संरक्षण र प्रचार प्रसारमा जोड दिइनेछ।
- खेलकुद पर्यटनमा जोड दिइने छ।
- गाउँघर बसोवास अवधारणाको विकास गरिने छ।

**घ) सहकारी**

- नगरपालिका भित्रका सहकारी र वित्तिय संस्थालाई उत्पानमुलक क्षेत्रमा लगानीको लागि प्रोत्साहन गरिनेछ ।
- एक टोल एक सहकारीको नीति अवलम्वन गरिनेछ ।
- हरेक सहकारीको विकासका लागि आवश्यक नियमन तथा अनुगमन व्यवस्था गरिनेछ
- कृषि सहकारीमा जोडकोषको व्यवस्था गरिने छ ।
- सहकारीलाइृ गरिवी निवारण, रोजगारी सृजना र आर्थिक वृद्धिको मेरुडण्डको रुपमा विकास गरिनेछ ।

**ङ) वित्तिय क्षेत्र**

- वित्तिय संस्थामा सहज पहुंचको नीति अवलम्वन गरिनेछ ।
- नयाँ स्थापना हुने वित्तिय संस्थाको नगरपालिकामा दर्ता हुने र क्षेत्र विस्तार गर्न नगरपालिकाको स्वीकृत लिनु पर्ने व्यवस्था गरिने छ ।
- वित्तिय संस्थामा एक परिवार एक खाता नीति अनिवार्य रुपमा अवलम्वन गरि आम जनताको बचत अभिवृद्धिमा पहल गरिने छ ।

**२) सामाजिक विकास**

**क) शिक्षा**

- संविधानमा मौलिक हकका रुपमा रहेको शिक्षामा विशेष योजना सहित अगाडी बढाईनेछ ।
- सामुदायिक विद्यालयको गुणस्तर सुधारमा जोड दिइनेछ ।
- सामुदायिक विद्यालय, विद्यार्थी, शिक्षक संख्याको साथै भौतिक संरचनामा अनुपातिक सुधार तथा व्यवस्थापनमा जोडदिइनेछ ।
- यसै आ.व.मा सम्वन्धित निकायसंग सहकार्य र समन्वय गरि पूर्ण साक्षर नगरपालिका घोषणा गरिनेछ ।
- सामुदायिक विद्यालयका शिक्षकलाई पेशा प्रति जिम्मेवारी वनाइनेछ ।
- ICT Based सामुदायिक शिक्षामा जोडदिइनेछ ।
- सामुदायिक विद्यालयको शिक्षाको प्रभावशिलता र गुणस्तरीयता अधिवृद्धिका लागि मुल्याङ्कनका निश्चित मापदण्ड बनाई दण्ड र जरीवानालाई प्रभावकारी वनाई कुनै एक विद्यालय छनौट गरि Center of excellence का रुपमा विकास गरिनेछ
- विद्यालय प्रतिको आमजनताको अपनत्वको भावनामा विकास र सुधार गरिने छ ।
- अपाङ्गमैत्री भौतिक संरचना निर्माणमा जोड दिइनेछ
- व्यवसायिक र शिपमुलक शिक्षामा जोड दिइनेछ ।

- निजी विद्यालयको संचालन मापदण्ड वमोजिम भए नभएको सो को प्रभावकारी अनुगमन मुल्याङ्कन गरिने छ।
- स्थापना भएका सामुदायिक अध्ययन केन्द्रको सुधारमा जोड दिई नयाँ आवश्यकताका आधारमा नयाँ सामुदायिक अध्ययन केन्द्र स्थापनामा जोड दिईने छ।
- विद्यालय एकीकरण (Merging) कार्यक्रममा जोड दिईने छ ।

**ख) स्वास्थ्य**

- वहुउदेश्यीय पोषण योजनालाई एकिकृत रुपमा प्रभावकारी कार्यान्वयन गरिनेछ।
- स्वास्थ्य विमा कार्यक्रमलाई अगाडि वढाइनेछ।
- गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चित गरिनेछ ।
- नेपाल सरकारवाट घोषणा गरिएका निशुल्क औषधीको व्यवस्था आम नगरवासीमा पुऱ्याईनेछ।
- नगर स्वास्थ्य केन्द्रको स्तरवृद्धि गरिनेछ।
- महामारी रोग निवारण कार्यक्रम संचालन गरिने छ।
- प्रजनन स्वास्थ्य सुधार, यूवा प्रजनन शिक्षा तथा No home Delivery लाई प्राथमिकतामा राखिने छ ।
- जेष्ठ नागरिक,अपाङ्ग असहायको उपचारमा विशेष सुविधा प्रदान गरिनेछ।
- योगा अभ्यास र योगशिक्षामा जोड दिइनेछ ।
- बाल विवाह मुक्त नगरपालिका घोषण गरिने छ।
- पूर्ण सरसफाई तथा चैनपुर बजारको ढल निकासलाई व्यवस्थित बनाइने छ ।
- हामी दुई हाम्रा दुई सन्तानको अवधारणालाई अंगिकार गर्दै प्रजनन् उमेरका दम्पतिलाई पनि. साधनहरु निशुल्क रुपमा उपलब्ध गराईने छ।
- ज.न.पा. स्थित सबै स्वास्थ्य संस्थाहरुमा क्रमशः बर्थिङसेन्टरहरु स्थापना गरि २४ सै घण्टा प्रसुती सेवा संचालन गर्ने व्यवस्था गरिने छ।

**ग) खानेपानी तथा सरसफाई**

- खानेपानी विकास र संरक्षण गरि साझा स्वामित्व स्थापना गरिनेछ।
- साना शहरी खानेपानी व्यवस्थापनका लागि आवश्यक सहयोग प्रदान गरि छिटो सम्पन्न गर्नमा पहल गरिनेछ।
- स्वच्छ खानेपानी, डम्पीङ्गसाइट, ढल निकासको अध्ययन अनुसन्धानमा र निर्माणमा जोड दिइनेछ

- सरसफाईको लागि टोल समितिलाई प्रभावकारी वनाई निरन्तरता दिइनेछ ।
- ढल निकासको उचित व्यवस्थापन गरिनेछ ।
- फोहरमैला व्यवस्थापनमा संलग्न जनशक्तिको उत्प्रेणा वढाउनमा जोड दिइनेछ ।
- फोहरमैला व्यवस्थापनमा उचित मापदण्ड अपनाई दण्ड र जरीवानालाई प्रभावकारी वनाईनेछ ।
- फोहरमैला उत्पादन अनुपातमा आर्थिक भारको मापदण्ड  र करको अनुपात मिलाईने छ ।
- सार्वजनीक शौचालयको निर्माणलाई व्यवस्थीत गरिनेछ ।
- स्वस्थ नागरिक जिम्मेवार स्थानीय सरकारको नीति लिइनेछ ।

**घ) खेलकुद**

- खेलकुदलाई जीवनको अभिन्न अंगको रुपमा विकाश गरिनेछ ।
- खुला खाली सार्वजनीक जग्गा खेलकुदका लागि उपयोग गर्ने नीति लिइनेछ ।
- खेलकुदमा लैङ्गिक विभेदको अन्त्य गरिनेछ ।
- स्वस्च्छ  खेलकुद स्वस्थ जीवनको अवधारण अगाडी ल्याईने छ ।
- मेयर कपको संचालन गरिने छ ।
- युवा तथा खेलकुद प्रोत्साहान नीति अबलम्बन गरिने छ ।

**ङ) सामाजिक सुरक्षा**

- सामाजीक सुरक्षा भत्ता घुम्ती  सेवा मार्फत वितरणको व्यवस्था मिलाइनेछ
- महिला हिन्सा न्युनिकरण र लैङ्गिक विभेदको अन्त्य गरिनेछ ।
- ६० देखि ७० बर्ष ननाघेका एकल जेष्ठ पुरुष नागरिकलाई सामाजिक सुरक्षाको व्यवस्था गरिने छ ।

- महिला,बालबालिका,जेष्ठ नागरिक,अपाङ,दलित-लक्षित कार्यक्रम सन्चालन गरि लैङ्गिक समानता तथा सामाजिक समाबेशिकरणमा जोड दिईनेछ ।
- महिला किशोरी र बालबालिकामा हुने कुपोषणको अवस्थामा सुधार ल्याउने बहु क्षेत्रिय पोषण योजना कार्यान्वयनलाई प्राथमिकतामा राखिनेछ ।
- महिलाहरुलाई सार्बजनिक सेवामा प्रबेशका लागि क्षमता बिकास र उपयुक्त तालिम प्रदान गरिने छ ।
- अल्पसंख्यक पिछडिएको वर्ग क्षेत्रको उत्थान र जातीय भेदभावको अन्त्य गरिनेछ ।
- अपाङ्ग, दलित असहायको सामाजिक जीवनको सुरक्षाको सुनिश्चित गरिनेछ ।

- जेष्ठ समाजको गठन र तिनको क्षमता र अनुभवलाई  पुजिका रुपमा लिई उचित ठाउमा उपयोग गरिनेछ ।
- जेष्ठ नागरिकको मर्यादित जीवनका लागि अनुभवको साटासाटमा टेवादिने दिवासेवा केन्द्र स्थापना गर्न सरकारी तथा गैरसरकारी निकायसंग आवश्यक समन्वय गरिनेछ ।
- सामाजिक सुरक्षा कार्यक्रम एकिकृत रुपमा संचालन गरि प्रभावकारी रुपमा अनुगमन गरिनेछ ।
- रोजगार सुचनाकेन्द्र मार्फत job Bank को स्थापना गरिनेछ ।

## ३) पूर्वाधार विकाश

### क) सडक

- नगरपालिका भएर जाने सवै लोकमार्गको क्षेत्र सिमाङ्कन गरि अनाबश्यक सडक मिच्ने कार्यलाई निरुत्साहित गरिनेछ ।
- सवै वडाको पहुँचका लागि सडक ट्र्याक खोली स्तरउन्नती गरिने छ ।
- नगरपालिका भित्रको यातायात व्यस्थापनका सबै वडा जोड्नको लागि भित्री मध्ये र वाहिरी चक्रपथको अवधारणा विकास गरिनेछ ।
- राष्ट्रिय लोकमार्गमा आवतजावत गर्ने यातायताका साधनका लागि उपयुक्त स्थानमा सवारीसाधन entry र Stand Point निर्माण गरिनेछ ।
- All weather सडकको निर्माणमा जोड गरिनेछ ।
- सुविधा सम्पन्न वसपार्क निर्माणको थालनि र  भएका वसपार्कको उचित व्यवस्थापन गरिनेछ ।
- स्थानीय सडकको उचित मापदण्डको आधारमा स्तरोउन्ती गरिनेछ
- यातायात गुरुयोजनाको निर्माण र सोको प्रभावकारी कार्यान्वयनमा जोड गरिने छ ।
- Biometric system मा आधारित सडक संजालमा जो दिइने छ ।

### ख) सिचाई

- एकिकृत सिचाईकोथप अध्ययन अनुसन्धान गरिनेछ ।
- पोखरी सिचाईमा जोड गरिनेछ ।
- लिफ्टसिचाईको प्रविधिी मार्फत विकास र उपयोग गरिनेछ ।
- सिचाई र कृषि उपज क्षेत्रको तादाम्येता मिलाईनेछ ।
- भान्छा करेसा सिंचाईको प्रबन्ध गरिने छ  ।

**ग) भवन तथा शहरी विकास**

- राष्ट्रिय भू-पयोगको नीति लागु गरि आवास निर्माणलाई सुरक्षित वनाई व्यवस्थित शहरमा जोड दिइनेछ ।
- घर नक्सा पासलाई व्यवस्थित गरि सडक किनारामा निर्माण हुने घरका तलाको संख्या निश्चित तुल्याईनेछ ।
- भू-उपयोग योजना र वस्ती विकास योजना लागु गरिनेछ ।
- कानुनी आधारमा नगरपालिकालाई हस्तान्तरण भएका भवनको उचित व्यवस्थापन गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्रका ग्रामीण क्षेत्रमा पूर्वाधार विकास गरि शहरीकरण गरिनेछ ।
- स्वच्छ र सुरक्षित आवास भवन निर्माणमा जोड दिइनेछ ।
- बजार क्षेत्रमा सार्वजनीक सडक मिचेर घर निर्माण गर्ने कार्यलाई निरुत्साहित गरि सार्वजनीक जमीनको लगत लिई संरक्षणमा जोड दिइनेछ ।
- बृक्षारोपणलाई प्रोत्साहन गरि हरीयाली (Green City) शहरमा जोड दिइनेछ ।
- अव्यवस्थित वसोवासलाई व्यवस्थित वनाइनेछ ।
- बढ्दो शहरीकरणलाई उचित व्यवस्थापन गरिनेछ ।
- अपाङ्ग, वृद्ध, असहाय मैत्री शहरी संचरचनामा जोड दिइनेछ ।
- भवन निर्माणको व्यवसायीक र आवासीय गरि दुई भागमा वर्गीकरण गरिनेछ ।
- बस्ती बिकास मार्फत नवीन शहर र वजारको विकासमा जोड दिइनेछ ।
- नेपाल सरकार, अन्य दातृ निकायको सहयोग र समन्वयमा निर्माण गरिने उक्त शहरी पूर्वाधार, जस्तै रंगशाला, सभागृह वहुउदेश्यीय भवन, ल्याण्डफिल्ड साइट, सिटिहल ,प्राविधिक शिक्षालय, धार्मिक तथा पर्यटकीय पूर्वाधार निर्माणमा पहल गरिनेछ ।
- जयपृथ्वी नगरवासीको परिकल्पना, स्वाच्छ, समृद्ध सम्पन्न नगरपालिका मान्यतालाई थप प्रोत्साहन गरिने छ ।

**घ) संचार**

- नगरपालिका भित्रका ग्रामिण क्षेत्र सम्म गुणस्तरीय संचार सेवा विस्तारमा आवश्यक पहल गरिनेछ ।

**ङ) वैकल्पीक उर्जा, साना जलविद्युत सहित**

- वैकल्पीक उर्जाको अध्ययन र विकासका साथै ग्रामिण भेग सम्म विस्तार गरिनेछ ।
- सडक सौर्यबत्ती विस्तार गरिनेछ ।

### ४) वातावरण तथा विपद व्यवस्थापन

#### क) वन तथा भू-संरक्षण

- वढ्दो वन विनासको नियन्त्रण  र भूसंरक्षणमा जोड दिइनेछ ।
- वन उद्यान विकासमा जोड दिइनेछ ।
- वन संरक्षणमा सवैको सहभागिता जुटाईनेछ ।
- विशेष वन क्षेत्र पहिचान गरि Open zoo स्वच्छ उद्यान निर्माण गरिनेछ । Children Park निर्माणको अध्ययन गरिनेछ ।
- सार्वजनीक प्रति, वाटो, चौतारी, परम्परागत धार्मिक पर्यटकीय, खुला क्षेत्रको सिमाङ्कन गरी बनको संरक्षण गरिनेछ ।
- सामुदायीक वन उपभोक्ता समितिको क्षमता विकासमा जोड दिइ अझ वढी जिम्मेवार वनाईनेछ ।
- नगरको वन, नगरवासीको धन अवधारणा विकास गरिनेछ ।
- Fruit forest अध्ययान र विकास गरिनेछ ।

#### ख) जलवायु परिर्वतन

- बढ्दो जलवायु परिर्वन वारे नगरवासीलाई सुशुचित तुल्याई जलवायु परिर्वतन न्यूनीकणमा जोड दिइनेछ ।

#### ग) जल उत्पन्न प्रकोप नियन्त्रण

- बस्ती व्यवस्थापन, ढल निकासलाई व्यवस्थित गर्दै प्रकोप नियन्त्रणमा सरोकारवाला सवैसंग सहकार्य र समन्वय गरिनेछ ।
- बाढी पहिरो नियन्त्रण, सेती नदी नियन्त्रण बाहुली खोला नियन्त्रणको लागि विशेष पहल गरिने छ ।

#### घ) बिपद् व्यवस्थापन

- विपद् व्यवस्थापन वारे व्यापक जनचेतना फैलाउनमा जोडदिइनेछ ।
- विपद् व्यवस्थापन बारे पूर्व तयारीवारे जानकारी संयन्त्र निर्माण गरिनेछ ।
- प्रत्येक वडामा उद्धार,राहत पुनःस्थापना समिति निर्माण गरिनेछन् ।

- विपद् व्यवस्थापन नगर कार्य योजना निर्माण गरिनेछ ।

**ङ) वारुण यन्त्र संचालन**

- वारुण यन्त्रसंचालनमा दक्ष जनशक्तिको विकास गरि थप प्रभावकारी छिटो छरितो स्तरीय वनाई जुनसुकैवेला संचालनको व्यवस्थापन गरिनेछ ।

**५) संस्थागत विकास सेवा प्रभाव र सुशासन**

**क) मानव संशाधन विकास**

- कर्मचारी भर्नामा योग्यता प्रणाली अपनाईनेछ
- अन्य निकायवाट समायोजन भै आएका जनशक्तिलाई  क्षमताका आधारमा स्वीकारी उचित जिम्मेवारी प्रदान गरिने छ ।
- कर्मचारी वृति विकासमा उचित ध्यान दिइनेछ ।
- कामको आधारमा मुल्यांकन गरी कर्मचारीको दण्ड र पुरस्कारको व्यवस्था गरिनेछ ।
- कर्मचारीको क्षमता अभिवृद्धी र सेवा सुविधामा न्यायोचित व्यवहार गरिने ।
- नगरपालिकाका स्थायी, अस्थायी र करारका कर्मचारीको कामको आधारमा मुल्याङ्कन गरि सेवामा निरन्तरता दिईनेछ ,
- कर्मचारी अनुशासन नरहने र व्यावसायिक क्षमता र आचरण नभएकोलाई गुण र दोषको आधारमा व्यवहार गरिनेछ ।
- वडा कार्यालयको भवन निर्माण प्राथमिकताका आधारमा गरी कर्मचारी व्यवस्थापन र भौतिक व्यवस्थापन गर्दै लगीनेछ ।
- का.स.मु.लाई प्रभावकारी वनाईनेछ ।
- कार्य सम्पादनको आधारमा थप सुविधाको व्यवस्था गरिने छ ।
- स्थानीय निकायका कर्मचारीको उचित व्यवस्थापन गरिनेछ ।
- आन्तरिक अनुशासन र क्षमता अनुसार जिम्मेवारी दिइनेछ ।
- न्यायिक समितिलाई क्रियासिल बनाई मेलमिलापको माध्यमबाट  जनतालाई छिटो, छरितो तथा सर्वसुलभ  रुपमा न्याय पाउने व्यावस्था मिलाईने .
- कार्यालयको मर्यादा Chain of command र नैतिकतामा नरहने कार्यालय समयमा सेवा प्रवाहमा लापरवाही गर्ने तर वृति विकास खोज्ने र जिम्मेवारीमा निष्ठावान नहुने कर्मचारी उपर हदै सम्मको कारवाही गर्न पछि नपर्ने नीति लिइनेछ ।

- कर्मचारी प्रतिको जुन आसंका छ सो को निराकरण गरि सभ्य, मर्यादित, अनुशासित, नैतिक कर्मचारी सेवाको विकास गरिनेछ ।
- स्वच्छिक अवकासमा जाने कर्मचारीलाई Golden Handshake को व्यवस्था गरिनेछ ।
- कर्मचारीको सेवा सुविधामा नेपाल सरकार र प्रदेश सरकारको मापदण्ड लागु गरिने छ ।
- कर्मचारीको क्षमता विकासमा अध्ययन अनुसन्धान तालिम भ्रमण अनुभव साटासाटको व्यवस्था मिलाईनेछ ।

**ख) सुरक्षा व्यवस्था**

- आन्तरीक आर्थिक क्षमताका आधारमा नगर प्रहरीको व्यवस्था गरिनेछ ।
- नगर सरसफाई फोहर व्यवस्थापन र नगरको शान्तिका लागि नगर प्रहरीको परिचालन गरिनेछ ।
- नगरपालिकाको E- Profile तयार गरी स्मार्टकार्ड वितरणको व्यवस्था मिलाईनेछ ।
- नगरका सम्पूर्ण परिवारको लगत लिइनेछ ।
- निर्माण सामग्री थुपारी सडक असुरक्षा बढाउनेलाई कानुनी कारवाहीका दायरामा ल्याइनेछ ।

**ग) सूचना प्रविधि**

- प्रत्येक वडा कार्यालयमा संचार सेट  स्थापना गरिने छ ।
- विद्युतीय प्रणालीको प्रयोगमा जोड दिइने छ ।
- गुनासो सुनुवाईलाई व्यवस्थीत गरिने छ ।
- सेवा प्रभावमा सार्वजनीक सुनुवाइलाइ थप प्रभाबकारी बनाउन CRC र Exit Poll को प्रयोग गरिने छ र नागरिक वडा पत्र प्रविधिसंग जोडिने छ ।
- सूचना प्रवाहमा एक द्वार प्रणाली अपनाइने छ ।
- सूचना प्रविधिको प्रयोगमा क्षमता अभिवृद्धि गरि अधिकतम उपयोग गरिनेछ ।
- नगरपालिकाको राजस्व अनलाईनलाई थप व्यवस्थित गरिनुका साथै नगरपालिकाका योजनाहरु सफ्टवर मार्फत इन्ट्री गरि सुचना प्रविधिमैत्री बनाईनेछ ।
- नगरपालिकाको जिन्सी शाखामा जिन्सी ब्यबस्थापन सफ्टवयरको प्रयोग गरि सो शाखालाइ प्रविधिमैत्री बनाईने छ ।
- नगरपालिकाको आर्थिक,भौतिक ,सामाजिक लेखाङ्कन प्रविधियुक्त वनाईनेछ ।

**६) वित्तिय व्यवस्थापन र सुशासन**

**क) लेखाङ्कन, वित्तिय परिचालन**

- आर्थिक प्रशासन संचालनमा प्रविधिमा जोड दिइनेछ ।
- वित्तिय सदाचारितामा जोड दिइनेछ ।
- पंजिकरणलाई प्रविधी मैत्री वनाउँदै लगिनेछ ।
- कार्यक्रमका सम्पूर्ण कामकारवाहीलाई कम्प्युटरकृत गरिनेछ । सोको दिर्घकालीन सुरक्षामा जोड दिइनेछ ।
- सुचनाको हकको सुनिश्चितता गरिनेछ ।
- नगरपालिकावाट संचालित हरेक विकास योजना क्रियाकलाप र कार्यक्रमको सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाई सार्वजनिक परिक्षणमा निरन्तरता दिइनेछ ।

**ख) तथ्याङ्क संकलन**

- नगर पाश्वचित्र तयार गरिनेछ ।
- दिर्घकालीन नगर गुरुयोजना निर्माण गरिनेछ ।
- प्रत्येक जनप्रतिनिधीलाई तथ्याङ्कमा जिम्मेवार बनाईनेछ ।
- आन्तरकि नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाइनेछ

**ग) वित्तिय जोखीम र आन्तरीक लेखापरिक्षण**

- वित्तिय जोखीम न्यून गरिनेछ ।
- आन्तरिक लेखापरिक्षण शाखाको व्यवस्थित गरिनेछ ।
- आन्तरीक लेखापरिक्षकको नियुक्ति योग्यता, क्षमताका आधारमा गरिनेछ । जसमा योग्यतम व्यक्तिलाई जिम्मेवारी दिइनेछ ।
- आन्तरिक लेखा परिक्षण औपचारीकतामा मात्रै सिमित राखिनेछैन

**७) विविध**

- यस वर्ष नगरपालिकाले अध्ययन अनुसन्धान वर्षको रुपमा लिइ विभिन्न सम्भावित क्षेत्रको अध्ययन अनुसन्धानमा जोड दिइनेछ ।
- बहुउदेश्यीय भवन Smart City, क्रिकेट स्टेडियम, धार्मिक, आर्थिक पूर्वाधार, खेलकुद रंगशाला अन्य सम्भावनाको अध्ययन अनुसन्धान परामर्श र डिपिआर तयारीमा र तयार भएकाको शिघ्र कार्यान्वयनमा जोड गरिनेछ ।
- आवधीक नगरविकास योजना र यातायात गुरुयोजना तर्जुमा गरिनेछ ।
- मित्रराट्रका कुनै नगरपालिका सँग भगिनि सम्बन्ध स्थापना गरिने छ ।

अव म यस नगरपालिकाको २०७६।०३।१० मा प्रस्तुत गरिने आ.व. २०७६।०७७ को अनुमानित आय व्ययको विवरण प्रस्तुत गर्न चाहन्छु ।

यस नगरपालिकाको मिति २०७६।०२।१७ गतेको वैठकवाट स्रोत अनुमान तथा वजेट सिमा निर्धारण मितिले पेश गरेका आगामी आ.व. २०७६।०७७ को लागि संघीय सरकारबाट (नेपालसरकार) वित्तिय हस्तान्तरणबाट प्राप्त बित्तिय समानिकरण तर्फको रकम रु. १२ करोड ९७ लाख शर्शत अनुदान रकम रु.२१ करोड १५ लाख, राजश्व बाँडफाँडको रकम रु. ७ करोड ७६ लाख जम्मा रु. ३४ करोड १२ लाख प्रदेश सरकारबाटको वित्तिय हस्तान्तरणवाट प्राप्त वित्तिय समानिकरण तर्फको रकम रु. ६८ लाख ५१ हजार र राजश्व बाँडफाँड को रकम रु. २१ लाख ३५ हजार जम्मा रु. ८९ लाख ८६ हजार, आन्तरिक आयबाट प्राप्त रकम रु. ६३ लाख ३० हजार गरि जम्मा कुल आय, अनुमान रकम रु. ४३ करोड ४१ लाख १६ हजार गरि सोहि बराबरको रकमको अनुमानित बजेट तथा कार्यक्रम तयार गरेको छु ।

***धन्यवाद***